बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

# बैंक अफ काठमाण्डू लिमिटेडको
# सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस बैंक अफ काठमाण्डू लिमिटेडको मिति २०६८ भाद्र १६ गते तदनुसार ०२ सेप्टेम्वर २०११ मा बसेको संचालक समितिको ३९७औं बैठकबाट यस बैंकको सत्रौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरू उपर छलफल गर्नको लागि बस्ने भएकोले उक्त मिति, समय र स्थानमा आदरणीय शेयरधनी महानुभावहरू आफू स्वयं वा रितपूर्वकको प्रतिनिधिद्वारा उपस्थित हुन अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति : २०६८ साल आश्विन १२ गते (तदनुसार २९ सेप्टेम्वर, २०११), बिहीवार ।**
**समय : बिहान ११ : ०० बजे ।**
**स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।**

**छलफलका विषयहरू :**

**(क) साधारण प्रस्तावः**

(१) अध्यक्षज्यूको मन्तव्य तथा सत्रौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन छलफल र पारित गर्ने,

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ साल आषाढ मसान्तको वासलात, २०६७ श्रावण १ गते देखि २०६८ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरू छलफल गरी स्वीकृत गर्ने,

(३) आर्थिक वर्ष २०६८/२०६९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखा परीक्षक एस.आर.पाण्डे एण्ड कम्पनी पुनः नियुक्त हुन सक्नेछ)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १६.७५ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने,

**(ख) विशेष प्रस्तावः**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १८ प्रतिशत वोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने,

(२) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, आदि) फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

**(ग) विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

(१) सत्रौं वार्षिक साधारण सभा तथा लाभांश (नगद लाभांश तथा वोनश शेयर) प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम २०६८ साल भाद्र २७ गते देखि २०६८ साल आश्विन १२ गते सम्म बन्द रहने छ ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरीक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र बैंकको प्रधान कार्यालय कमलपोखरी, काठमाडौंमा सम्पर्क राख्न सकिने व्यहोरा अनुरोध छ ।

(३) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा शुरू हुनुभन्दा ४८ घण्टा पहिले अर्थात मिति २०६८ आश्विन १० गते बिहान ११:०० बजे भित्र यस बैंकको प्रधान कार्यालय, कमलपोखरीमा दर्ता गराईसक्नु पर्नेछ । प्रतिनिधिपत्र (प्रोक्सी) प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा हुनुपर्नेछ र बैंकको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।

(४) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः वदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (प्रोक्सी) वदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः वदर भएको मानिनेछ ।

(५) प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसंग बाँकी राखि आफू समेत साधारण सभामा उपस्थित हुन पाउने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाईने छैन । तसर्थ, सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नुपर्दछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रोक्सी स्वतः वदर हुनेछ । एकभन्दा वढी व्यक्तिलाई आधा-आधा वा अरू कुनै किसिमबाट छुट्याएर दिएमा समेत उक्त प्रोक्सी वदर हुनेछ ।

(६) नाबालक वा अशक्त/विक्षिप्त शेयरधनीहरूको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नुहुनेछ ।

(७) सभामा भागलिन इच्छुक शेयरधनी महानुभावहरूले व्यक्तिगत रूपमा पठाइएको सूचना साथ संलग्न प्रवेशपत्रको साथै शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचय-पत्र) सभा हुने दिन र स्थानमा अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ । अन्यथा सभाकक्षमा प्रवेश गर्न पाइने छैन ।

(८) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि दिउंसो ०१:०० बजेसम्म खुल्ला रहनेछ ।

(९) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थल आउंदा झोला, व्याग जस्ता वस्तुहरू नलिई आउनुहुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले त्यस्ता बस्तुहरूको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा आवश्यक सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

(१०) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको प्रधान कार्यालय, कमलपोखरीमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

**पुनश्चः बैंकको शेयर दाखिल खारेजको काम २०६८ साल भाद्र २७ गतेदेखि २०६८ साल आश्विन १२ गते सम्म बन्द रहने छ ।**

www.bok.com.np